# सूची दर्ता गर्ने बारेको सूचना

**(प्रकाशित मितिः २०८३/०४/०५ गते)**

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस वित्तीय संस्थालाई आर्थिक वर्ष २०८३/०८४ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित वस्तु तथा सेवाहरु आपूर्ति/प्रवाह गर्ने प्रयोजनको लागि कम्तिमा ३ (तीन) वर्षको कार्यानुभव भएका सम्बन्धित विषयको कारोवार गर्ने स्वीकृति प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न कागजातहरु संलग्न गरी सूचना प्रकाशित भएको **मितिले १५ दिन भित्र** सूची दर्ताका लागि gsd@nmbmicrofinance.com मा पठाउन हुन वा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा-८, न्यूरोड, कास्कीमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**आवेदन सँग पेश गर्नुपर्ने कागजातहरु :**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. अन्य कार्य अनुभव प्रमाणित हुने प्रमाणपत्र ।

| | | | |
|---|---|---|---|
| **समूह क : कार्यालय उपकरणहरु** | | **समूह ख : फर्निचर तथा अन्य सेवाहरु** | |
| १. | कम्प्यूटर, ल्यापटप, ल्यापटप ब्याट्री, ट्याव, सर्भर तथा अन्य डिभाइसहरु । | १. | काठ तथा मेटलका फर्निचर/फर्निसिङ्ग तथा अन्य सामाग्रीहरु । |
| २. | फोटोकपी मेसिन, प्रिन्टर, फ्याक्स, स्क्यानर । | **समूह घ : मर्मत/सम्भार** | |
| ३. | चेक राइटर, पावर ब्याकअप (व्याट्री इन्भर्टर, सोलार) सम्बन्धी उपकरणहरु । | १. | कम्प्यूटर, ल्यापटप, प्रिन्टर, सर्भर लगायत अन्य मर्मत । |
| ४. | इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा हार्डवयेर सम्बन्धी अन्य उपकरणहरु । | २. | सवारी साधन मर्मत । |
| **समूह ग : छपाई तथा मसलन्द** | | ३. | फर्निचर, धारा वाथरुमका सामान लगायत अन्य सम्पत्ति मर्मत । |
| १. | स्टेशनरी तथा फुटकर सामानहरु । | ४. | जेनेरेटर, सिसिटिभी, एसी लगायत अन्य कम्प्युटर नेटवर्किङ, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सम्बन्धी उपकरणहरु मर्मत । |
| २. | छपाई सम्बन्धी कार्यहरु । | | |
| ३. | प्रि-प्रिन्टेड बैकिङ्ग स्टेशनरी, भिजिटिङ्ग कार्ड, आइडी कार्ड, स्ट्याम्प । | **समूह ङ : प्रवर्द्धन** | |
| ४. | प्रिन्टर रिबन, टोनर, कार्टेज, मसी लगायत रिफिलिङ्ग सम्बन्धी कार्यहरु । | १. | साइनबोर्ड, फ्लेक्स, होर्डिङ्ग बोर्ड सम्बन्धी सेवाहरु । |
| | | २. | विज्ञापन तथा प्रबर्द्धनात्मक कार्यक्रम सम्बन्धी सेवाहरु । |
| **समूह च : अन्य सेवाहरु** | | | |
| १. | संचार कुरियर सेवा । | ३. | ईन्टरनेट सेवा । |
| २. | बीमा सेवा-स्थीर सम्पत्ति, मार्गस्थ तथा नगद बीमा, सामूहिक दुर्घटना तथा स्वास्थ्य बिमा, सवारी साधन । | ४. | विभिन्न प्रकारका सफ्ट्वेयरहरु आपूर्ति । |
| | | ५. | तालीम हल, होटल तथा रेस्टुरेण्ट । |

**अन्य थप जानकारीहरु :**

१. सूचीकृत हुन निवेदन दिनेहरु मध्येबाट उपयुक्त ठहरिएका फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ । त्यसरी सूचीकरण गर्दा पेश हुन आएको विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधार मानी गरिनेछ ।
२. सूचीकृत भएका बिक्रेता, फर्महरुबाट वित्तीय संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न पत्रमार्फत कोटेसन माग गरिनेछ र प्राप्त कोटेशनहरु मध्येबाट वित्तीय संस्थालाई उपयुक्त लागेको फर्म/कम्पनीलाई सामान आपूर्ति गर्नको लागि खरिद आदेश पठाइने छ ।
३. सूचीकृत भएको जानकारी वित्तीय संस्थाको वेभसाइट www. nmbmicrofinance.com मा राखिनेछ साथै फोन वा इमेलबाट जानकारी गराईनेछ ।
४. सूचीकृत भएका कम्पनी तथा फर्महरुले उपलव्ध गराएको बस्तु तथा सेवाहरु तोकिएको गुणस्तर एवं मापदण्ड बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोषजनक नरहेमा उक्त कम्पनी तथा फर्मलाई बिना पूर्व सूचना बस्तु तथा सेवा उपलव्ध गराउने सूचीबाट हटाउन समेत सकिनेछ । यस उपर कुनै दावी बिरोध गर्न पाईनेछैन ।
५. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा वित्तीय संस्थाको टेलिफोन नं.: ०६१-४००४२७, ४००४२८, ४००४७७ Ext. No. २०४, २४२ सामान्य सेवा विभागमा सम्पर्क गरि जानकारी प्राप्त गर्न सकिनेछ ।
६. सूचीकरण गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ ।


**एनएमबि लघुवित्त वितीय संस्था लि.**

**NMB Laghubitta Bittiya Sanstha Ltd.**

“नेपाल राष्ट्र बैंकबाट ‘घ’ वर्गको इजाजतपत्र प्राप्त संस्था”

**केन्द्रीय कार्यालय** : पोखरा-८, स्ट्रेट नं.३, जेनेक्स कम्प्लेक्स न्युरोड, कास्की
फोन : ०६१-४००४२७, ४००४७७